# मेलम्ची नगरपालिका कार्यालय

# मेलम्ची, सिन्धुपाल्चोक

## सौर्य सडक बत्ती जडान सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : **२०७३।१०।५ गते**

यस मेलम्ची नगरपालिका क्षेत्रमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र मेलम्ची नगरपालिकाको संयुक्त लगानीमा शहरी सौर्य उर्जा जडान गर्न बैकल्पिक उर्जा प्रबर्द्धनकेन्द्र खुमलटार, ललितपुरमा सुचिकृत कम्पनीहरुबाट सौर्य सडक बत्ती जडान गर्न निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः-**

1. बोलपत्र फारम रु ३,०००।– (पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म वा मिति २०७३/११/५ गते भित्र कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।
2. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७३/११/६ गते दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
3. बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।
4. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री नेपाल बैंक लिमिटेड, मेलम्ची शाखा को धरौटी खाता नं. **16803000000000000300** खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।
5. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, मेलम्ची शाखा को धरौटी खाता नं. **16803000000000000300** खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२ ( बाह्र) महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।
6. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धित ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।
7. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
8. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।
9. बोलपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।
10. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।
11. बोलपत्र दाताले प्राविधिक तथा आर्थिक प्रतिवेदन छुट्टाछुट्टै सिलवन्दी गरि एकै खाममा दुवै प्रतिवेदन राखी सिलवन्दी गरि पेश गर्नु पर्ने छ।
12. प्राविधिक प्रस्तावना पास हुने बोलपत्रदाताको मात्र आर्थिक प्रस्तावना खोलिने छ।
13. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

*सिलवन्दी बोल पत्र सम्बन्धी कार्यको विवरण निम्नानुसार छ :*

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम | जडान गर्नुपर्ने सौर्य सडक बत्ती संख्या | धरौटी रकम | दरभाउपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १. | **MoFALD/ MMSI/2073 -74/01** | Supply, Delivery, Installation, Testing, Commissioning and after sales services of Solar Street Light System at various location of Melamchi Municipality as per Specification. | ३७ (सैतिस) | कबोल अंकको २.५ प्रतिशत | ३,०००/- | |